नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ३८९ *मितिः-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- **प्रशोधित तेल आयात सम्वन्धमा ।**

महाशय,

नेपाल सरकारद्वारा प्रशोधित तेल आयात गर्ने सम्वन्धमा देहाय अनुसारको निर्णय गरेकोले सोही वमोजिम गर्न/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. नेपाल सरकारले बजारमा सोझै विक्री वितरण गर्ने प्रयोजनको लागि आयात गरिने प्रशोधित तेलको Consumer Pack को Size बढीमा २० (बीस) किलोग्राम तोक्ने र सो भन्दा बढी तौलको Consumer Pack वा खुला प्रशोधित तेल आयात हुन नदिने व्यवस्था गरेकोमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, औद्योगिक प्रवर्द्धन शाखाको मिति २०६३/४/१६ को पत्रबाट "..... उद्योगहरुले औद्योगिक कच्चा पदार्थको रुपमा पैठारी गर्ने यस्ता तेलमा रोक नलगाउने गरी" निर्णय भएको हुँदा सो समेत गर्न/गराउनु हुन ।

२. नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प.सं. ०६३/६४ च.नं. ५७२ मिति २०६३/८/१४ को पत्रानुसार औद्योगिक प्रवर्द्धन बोर्डले प्रशोधित तेल Bulk मा आयात गरी Consumer Pack मा Pack गरी विक्री वितरणमा ल्याउने उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको Norms पुरा गरी आयात गर्न दिने निर्णय गरेको व्यहोरा उल्लेख गर्दै "त्यस्ता उद्योगबाट Bulk मा प्रशोधित तेल आयात गर्दा उक्त विभागबाट स्वीकृति प्राप्त भएपछिमात्र त्यस्ता उद्योगको L/C सम्वन्धी प्रकृया बढाउने कार्यहरु हुन" अनुरोध भई आएकोले सोही वमोजिम गर्न/गराउनु हुन ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक